मेन्छयायेम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्ड ८ | संख्या ४ | भाग २

साउन १८ गते, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति २०८२।०४।१८

मेन्छयायेम गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः

मेन्छयायेम गाउँपालिकाको नीति, कानुन तथा आदेशहरूलाई कार्यान्वयन गर्नका लागि नेपालको संविधान बमोजिम गाउँपालिकाले सम्पादन, कार्यान्वयन, नियमन गर्नुपर्ने कार्यका लागि **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क.** र **मेन्छयायेम गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४** ले दिएको अधिकार प्रयोग गरी मेन्छयायेम गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१
संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "मेन्छयायेम गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि मेन्छयायेम राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले मेन्छयायेम गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यालय” भन्नाले गाउँ कार्यपालिका कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) “तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका” भन्नाले मेन्छयायेम गाउँपालिका, मोराहाङ्ग, तेह्रथुमलाई सम्झनु पर्दछ ।

(च) "नगर प्रहरी" भन्नाले मेन्छयायेम गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "गाउँ सभा” भन्नाले गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "समिति” भन्नाले दफा ६ बमोजिम गठन भएको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

परिच्छेद-२

सेवा गठनसम्बन्धी व्यवस्था

३. नगर प्रहरी सेवाको गठनः (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा रहनेछ । नगर प्रहरी सेवा अन्तर्गत अनुसूची १ मा उल्लिखित दरबन्दी बमोजिमको प्रहरी कर्मचारीको तह तथा पदहरू रहनेछन् । उक्त अनुसूची बमोजिमको दरबन्दी यो कार्यविधि स्वीकृत भएपछि बस्ने गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

परिच्छेद-३

नगर प्रहरीको काम, कर्तव्य र अधिकार

४. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः

(१) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने,

(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा, जात्रा तथा चाडपर्वको सुरक्षा व्यवस्था गर्ने,

(घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(ङ) गाउँ सरसफाई सम्बन्धी कानुन तथा मापदण्ड कार्यान्वयन गराउने,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्दार, राहत तथा पुनर्स्थापन कार्यमा सहयोग गर्ने,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ठ) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र नमानेमा आफै हटाई, हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्ति वा निकाय बाट असूल उपर गर्न सोको विवरण कार्यालयमा पेश गर्ने,

(ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, खोला नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा अन्य निर्माण कार्य गरेको अथवा

व्यक्तिगत रूपले उपभोग गरेको छ/छैन सो को प्रतिवेदन पेश गर्ने तथा सो सम्बन्धमा कार्यालयबाट भएको आदेश कार्यान्वयन गर्ने,

(ढ) गाउँ क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सा पास भए नक्सा पासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने,

(ण) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारकवस्तु बिक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने,

(त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरू काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी तथा जीवजन्तुको मासु बिक्री वितरणमा रोक लगाउने,

(थ) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै उचित ब्यबस्थापन गर्ने,

(द) जोखिम उत्पन्न हुने रूख, घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र आदेश भए बमोजिम गर्ने,

(ध) वडा समिति, टोल बिकास संस्था, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा कायम गर्ने र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने,

(न) गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरूबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयनमा सहयोग गर्ने,

(प) विना ईजाजत पेशा, व्यवसाय सञ्चालन गरेको फेला परेमा पेशा व्यवसायको दर्ता तथा नवीकरण गर्न लगाउने,

(फ) गाउँ क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने अटेर गर्नेलाई कारवाही गर्ने,

(ब) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट आदेश बमोजिम प्रतिनिधित्व गर्ने,

(भ) बजार अनुगमन कार्यमा अनुगमन समितिलाई सहयोग गर्ने,

(म) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा विना स्वीकृत सञ्चालन भएका जादु, सर्कस, जुवा लगायतका अनाधिकृत क्रियाकलापमा रोक लगाउने,

(य) अरूलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने यन्त्र उपकरण प्रयोग गर्न नदिने,

(र) ध्वनि, धुवाँ, प्रकाश वा अन्य कुनै कारणले सार्वजनिक रूपमा वाधा पुग्ने गरी संचालन भएका उद्योग धन्दा सञ्चालनमा रोक लगाउने,

(ल) विपद्त्पन्न भएमा उद्धार, राहत बितरण र पुनर्स्थानाका कार्यमा तुरून्त खटी जाने ।

(व) गाउँपालिका कायार्लय, शाखा, उपशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरू गर्न सहयोग गर्ने,

(श) गाउँपालिका अन्तरगतका शाखा उपशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने,

(ष) माथि तोकिए बमोजिमका कार्यहरू समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने,

(स) कार्यालयको सुरक्षा व्यवस्थापन गर्ने,

(ह) गाउँपालिकाले तोकिएका अन्य कार्यहरू गर्ने गराउने,

५. योग्यताः नगर प्रहरी पदमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछ :

(क) २० वर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको,

(ख) नगर प्रहरी जवानको लागि राम्रोसँग नेपालीमा लेखपढ गर्न जानेका,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनमा सजाय नपाएको,

(ङ) नेपाली नागरिक भएको हुनुपर्नेछ,

(च) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाइएको वा सजाय नपाएको हुनुपर्नेछ ।

६. पदपूर्ति समितिः (१) यस कार्यविधि बमोजिम करार सेवामा नगर प्रहरी सेवाको पदमा पदपूर्ति गर्दा देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत	संयोजक
(ख) प्रमुखले तोकेको विज्ञ १ जना	सदस्य
(ग) प्रशासन शाखा प्रमुख	सदस्य सचिव

(२) समितिमा आवश्यकता अनुसार कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । अन्य विज्ञ एवम् समितिका सदस्यहरूलाई नियमासार बैठक भत्ता उपलब्ध गराइनेछ ।

७. पदपूर्तिः नगर प्रहरी कर्मचरीहरूको पदपूर्ति सेवा करारका आधारमा हुनेछ । सेवा करारको प्रक्रिया देहायबमोजिम हुनेछः

(१) नगर प्रहरी कर्मचारीको पदमा सेवा करार गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फाराम अनुसूची-३ बमोजिम हुनेछ ।

(३) नगर प्रहरी जवानका लागि आर्थिक ऐन बमोजिम आवेदन दस्तुर बुझाउनु पर्नेछ ।

(४) दरखास्त दिएका उम्मेदवारहरू मध्येबाट दफा ५ बमोजिम योग्य देखिएका उम्मेदवारलाई समावेश गरी योग्य उम्मेदवार सूची प्रकाशन गरिनेछ । योग्य उम्मेदवार सूचीमा नपरेका उम्मेदवारलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

(क) शारीरिक तन्दुरस्ती परीक्षणः शारीरिक तन्दुरस्ती परीक्षण बापत १०० अंक प्रदान गरिनेछ । शारीरिक तन्दुरस्ती परीक्षणको प्रकार र तरिका अनुसूची-४ बमोजिम हुनेछ ।

(ख) अन्तर्वार्तामा अधिकतम ५० अङ्कको हुनेछ ।

८. विवरण प्रकाशन गर्नेः (१) दफा ७ बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू दफा ६ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरूको रोल नम्बर, नामथर, ठेगाना समेत उल्लेख गरी योग्यता क्रम अनुसार छनोट भएका उम्मेदवारहरूको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्रकाशन गर्दा पद सङ्ख्या कै बराबरको सङ्ख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ ।

तर आवेदन नै कमपरेको अवस्थामा कम उम्मेदवार विवरण प्रकाशन गर्न बाधा पुगेको छैन ।

(३) उपदफा (१) बमोजिमका योग्यता क्रममारहेका उम्मेदवारलाई छिटो सञ्चारमाध्यमबाट जानकारी गराई कार्यालयले सोको अभिलेख समेत राख्नुपर्नेछ ।

९. करार गर्नेः (१) कार्यालयले सिफारिस भएका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग कार्यालयले कार्य विवरण सहित अनुसूची-५ बमोजिमको ढाँचामा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधिभित्र सम्पर्कमा नआएमा वा करार सम्झौता गरेका नगर प्रहरी कर्मचारीले राजीनामा दिएमा वा करार भङ्ग भएमा वा थप प्रहरी कर्मचारी आवश्यक भएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-६ बमोजिमको नमूना पत्रानुसारको करार पत्र कार्यालयले दिनुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यतः ६ (छ) महिनाको दरले गरिनेछ । कार्यालयको आवश्यकताका आधारमा करार सम्झौताको म्याद थप गर्न सकिने छ ।

(५) नगर प्रहरी जवानहरूमध्येबाट गाउँपालिकाले तोकेको नगर प्रहरीले नगर प्रहरीको नेतृत्व गर्नेछ ।

(६) कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ महिना अगाडि कार्यालयमा लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

१०. पारिश्रमिक, सुविधाः- (१) यस कार्यविधि बमोजिम सेवा करार गरिएका नगर प्रहरी कर्मचारीहरूको पारिश्रमिक एवम् अन्य सेवासुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम सम्झौता अनुसार हुनेछ ।

(२) यस कार्यविधि बमोजिम कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

११. पोशाक, दर्ज्यानी चिह्न र हतियारः- नगर प्रहरी कर्मचारीको पोशाक तथा दर्ज्यानी चिन्ह र हतियारसम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१२. करार समाप्तिः- (१) यस कार्यविधि बमोजिम करार गरिएको पद सम्झौता बमोजिम समाप्ति हुनेछ ।

(२) करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएमा सफाइको मौका दिई वा नदिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ ।

१३. बाधा अडकाउ फुकाउः- यो कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा दुविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाबाट अनुमोदन गराउने गरी अध्यक्षले बाधा अड्का फुकाउने आदेश दिन सक्नेछ ।

१४. विविधः- यस कार्यविधि कार्यान्वयनका क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

नगर प्रहरीको दरबन्दी र पदको विवरण

क्र.सं.	पद	संख्या
१	नगर प्रहरी जवान	५
कूल जम्मा		५

अनुसूची-२

(दफा ७ उपदफा (१) सँगसम्बन्धित)

करारमा सेवा लिने सम्बन्धी सूचना (सूचना प्रकाशित मितिः २०८ /...

मेन्छयायेम गाउँपालिकाको लागि देहायको सङ्ख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा र राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । (पद) दरखास्त फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

पदनाम

सङ्ख्या

योग्यता र अनुभव (नमुना):

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता

३. अनुभवः

४. उमेर

५. निरोगिताको प्रमाणपत्र (मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित भएको)

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवकोप्रतिलिपि संलग्न हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

अनुसूची-३

(दफा ७ उपदफा (२) सँग सम्बन्धित) आवेदन फारामको ढाँचा

मेन्छयायेम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम कोशी प्रदेश, नेपाल

क. व्ययक्तिक विवरण

<table>
<tr><td>नाम/थर (देवनागरीमा):-</td><td colspan="3"></td></tr>
<tr><td>अंग्रेजीमा (ठूलो अक्षरमा):-</td><td colspan="3"></td></tr>
<tr><td>लिङ्गः-</td><td>वर्णः-</td><td rowspan="2">उचाइः-</td><td rowspan="2">छातिको साइजः-</td></tr>
<tr><td>हालको उमेर वर्षः-</td><td>महिनाः-</td></tr>
<tr><td>नागरिकता नं.ः-</td><td>जारी गर्ने जिल्लाः-</td><td></td><td>जारी मितिः-</td></tr>
<tr><td>स्थायी ठेगानाः-</td><td>जिल्लाः-</td><td>नपा/गापाः-</td><td>वडा नं.ः-</td></tr>
<tr><td>टोलः-</td><td>मार्ग/घर नं.ः-</td><td colspan="2">सम्पर्क नं.ः-</td></tr>
<tr><td>पत्राचार गर्ने ठेगानाः-</td><td></td><td colspan="2">इमेलः-</td></tr>
<tr><td>बाबु/पतिको नाम/थरः-</td><td></td><td colspan="2"></td></tr>
<tr><td>बाजे/ससुराको नाम/थरः-</td><td></td><td colspan="2"></td></tr>
<tr><td>जन्ममितिः-</td><td>वि.सं.ः-</td><td colspan="2">इश्वी सं.ः-</td></tr>
</table>

ख. शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

आवश्यक न्यूनतम योग्यता	विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था	शैक्षिक उपाधि/तालिम	संकाय	श्रेणी/प्रतिशत	मूल विषय
शैक्षिक योग्यता					
तालिम					

ग. अनुभव सम्बन्धी विवरण

कार्यालय	पद	सेवा/समूह/उपसमूह	श्रेणी/तह	स्थायी/अस्थायी/करार	अवधि	
					देखि	सम्म

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी

कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सही छाप</td><td>उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td><td></td></tr>
<tr><td></td><td></td><td>मितिः-</td></tr>
<tr><td>कार्यालयले भर्नेः-</td><td></td><td></td></tr>
<tr><td>रसिद/भौचर नं.ः-</td><td></td><td>रोल नं.ः-</td></tr>
<tr><td>दरखास्त अस्वीकृत भए सोको कारणः-</td><td colspan="2"></td></tr>
<tr><td>दरखास्त रूजु गर्नेको
नाम/थरः-
पदः-
दस्तखतः-
मितिः-</td><td colspan="2">दरखास्त स्वीकृत गर्नेको
नाम/थरः-
पदः-
दस्तखतः-
मितिः-</td></tr>
</table>

द्रष्टव्यः- दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्न लिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. समकक्षतार सम्बद्ध आवश्यक पर्नेमा सोको प्रतिलिपि

३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि आदि ।

अनुसूची-४

(दफा ७ उपदफा (५) (क) सँगसम्बन्धित)

परीक्षा योजना तथा छनौटको विधि

क्र.सं.	चरण	विवरण	पूर्णाङ्क	कैफियत
१	पहिलो	प्रारम्भिक शारीरिक परीक्षण		उत्तीर्ण हुनैपर्ने
२	दोस्रो	तन्दुरूस्ती परीक्षण	१००	
३	तेस्रो	अन्तरवार्ता	५०	

पहिलो चरणः- प्रारम्भिक शारीरिक परीक्षण

सि.नं.	विवरण	पुरूष (न्यूनतम)	महिला
१	उचाई	५ फिट २ इन्च	५ फिट
२	छाती	नफुलाउँदा ३१ इन्च फुलाउँदा ३३ इन्च	-
३	बजन	५० केजी	४२ केजी
४	आँखा परीक्षण	+२ देखि -२ भन्दा कमजोर नभएको	+२ देखि -२ भन्दा कमजोर नभएको
५	Color Vision Test	रङ्ग पहिचान सम्बन्धि दोष नभएको	रङ्ग पहिचान सम्बन्धि दोष नभएको

दोस्रो चरणः- तन्दुरूस्ती परीक्षण

सि.नं.	परीक्षाका इभेन्टहरू	पूर्णाङ्क	कैफियत
१	१०० मि. दौड	२० अंक	यस परीक्षाका इभेन्टहरू शुरू गर्दा सि.नं. १ देखि क्रमशः ५ नं. सम्म गर्नुपर्नेछ ।
२	५०० मि. दौड	२० अंक	
३	सेट अप	२० अंक	

४	पुस अप	२० अंक	
५	चिन अप	२० अंक	
	जम्मा	१०० अंक	

सि.नं. १- १०० मिटर दौडमा अंक प्रदान गर्ने मापदण्ड

पुरूष		**महिला**	
विवरण	**अंक**	**विवरण**	**अंक**
१९ सेकेण्डसम्म	२०	२० सेकेण्डसम्म	२०
१९.१ देखि २१ सेकेण्डसम्म	१९	२०.१ देखि २३ सेकेण्डसम्म	१९
२१.१ देखि २४ सेकेण्डसम्म	१८	२३.१ देखि २६ सेकेण्डसम्म	१८
२४.१ देखि २७ सेकेण्डसम्म	१७	२६.१ देखि २९ सेकेण्डसम्म	१७
२७.१ वा सोभन्दा माथि सेकेण्डसम्म	०	२९.१ वा सोभन्दा माथि सेकेण्डसम्म	०

सि.नं. २- ५०० मिटर दौडमा अंक प्रदान गर्ने मापदण्ड

पुरूष		**महिला**	
विवरण	**अंक**	**विवरण**	**अंक**
१२० सेकेण्डसम्म	२०	१४० सेकेण्डसम्म	२०
१२१ देखि १४५ सेकेण्डसम्म	१९	१४१ देखि १६० सेकेण्डसम्म	१९
१४६ देखि १६० सेकेण्डसम्म	१८	१६१ देखि १८० सेकेण्डसम्म	१८
१६१ देखि १८० सेकेण्डसम्म	१७	१८१ देखि २०० सेकेण्डसम्म	१७
१८१ वा सोभन्दा माथि सेकेण्डसम्म	०	२०१ वा सोभन्दा माथि सेकेण्डसम्म	०

सि.नं. ३ सेटअपमा अंक प्रदान गर्ने मापदण्ड

पुरूष		महिला	
विवरण	अंक	विवरण	अंक
१७ वा सोभन्दा बढी	२०	१५ वा सोभन्दा बढी	२०
१३-१६	१९	१२-१४	१९
९-१२	१८	९-११	१८
६-८	१७	४-८	१७
५ वा कम	०	३ वा कम	०

सि.नं. ४ पुसअपमा अंक प्रदान गर्ने मापदण्ड

पुरूष		महिला	
विवरण	अंक	विवरण	अंक
१९ वा सोभन्दा बढी	२०	१६ वा सोभन्दा बढी	२०
१३-१८	१९	१२-१५	१९
१०-१२	१८	८-११	१८
७-९	१७	५-७	१७
६ भन्दा कम	०	४ भन्दा कम	०

सि.नं. ५ चिनअपमा अंक प्रदान गर्ने मापदण्ड

पुरूष		महिला	
विवरण	अंक	विवरण	अंक
८ वा सोभन्दा बढी	२०	७ वा सोभन्दा बढी	२०
५-७	१९	४-५	१९
३-४	१८	२-३	१८
२	१७	१	१७
१ भन्दा कम	०	०	०

अन्तरवार्ताः- पूर्णाङ्क ५० अंक

अनुसूची -५
(दफा ५ उपदफा (२) सँग सम्बन्धित)
करार सम्झौताको ढाँचा

मेन्छयायेम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोराहाङ्ग, तेह्रथुम (यस पछि पहिलो पक्ष भनिएको) र .... गा.पा., वडा नं...... बस्ने मेन्छयायेम गाउँपालिका............ गराउन मिति............ जिल्ला (यस पछि दोस्रो पक्ष भनिएको) का बीच (पद) को कामकाज गर्न .... का निर्णयानुसार देहायका कार्य/शर्तको अधीनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं :

१. कामकाज सम्बन्धमा दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ ।

२. काम गर्नुपर्ने स्थान

३. पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई मासिक पारिश्रमिक र रूपमा रू.. (अक्षरेपी रू....... उपलब्ध गराउनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले मेन्छयायेम गाउँपालिकाले आचरण तथा अनुशासन सम्बन्धीव् यवस्थाहरू पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षले वर्षको १२ दिन भैपरी विदा पाउनेछ । दोस्रो पक्षले कार्यालयको आवश्यकता बमोजिम २४ सै घण्टा सेवा प्रदान गर्नुपर्नेछ । कार्यालयलाई आवश्यक परेको खण्डमा बिदाको दिनमा समेत सेवा उपलब्ध गराउनु पर्नेछ । यस्तो विदा नगर प्रहरी इन्चार्जले आलोपालो मिलाई स्वीकृत गर्नेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानीनोक्सानीको बिगोदोश्रो पक्षले पहिलोपक्षलाई दिनुपर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध

गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानीनोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार मिति सम्मको लागि हुनेछ । .... देखी लागु भई मिति

९. कार्यसम्पादन मूल्याङ्कनः पहिलो पक्षले दोस्रो पक्षको कार्यसम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा साल वसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको बुंदा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिनभन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामा साहिले कट्टा गरिनेछ र सो भन्दा बढी अवधी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रूपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरू बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षल यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्तिका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागूहुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

मेन्छयायेम गाउँपालिकाको तर्फबाट

दोस्रोपक्ष (करार गर्ने व्यक्ति):

हस्ताक्षर :	हस्ताक्षर :
नाम :	नाम :
पद :	ठेगानाः

अनुसूची -६

(दफा ५ उपदफा (२) सँगसम्बन्धित) करारपत्र

श्री

विषयः करार सम्बन्धमा ।

तपाईलाई मिति. .... निर्णयानुसार..... (पदको नाम वा काम) का लागि यसै साथ संलग्न करार (सम्झौता) बमोजिम मिति. देखि लागु हुने गरी .... सम्मका लागि करार सेवामा राखिएको हुँदा संलग्न कार्य शर्तअनुरूप आफ्नो काम इमान्दारी पूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरूप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहितार आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ । नगर प्रहरीको पदमा करार सेवामा नियुक्त हुनु भएकोमा बधाई छ ।

आज्ञाले,

अभिषेक घिमिरे

प्रमुख प्रशासकीय अधिकृत